अनुसूची- २

(दफा ४ तथा अनसूची- १ को भाग- १ सँग सम्बन्धित)

मध्यनेपाल नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ९ संख्याः २ मिति : २०८३।०४।०१

भाग-१

नेपालको सविधान बमोजिम मध्यनेपाल नगरपालिकाको नगरसभाले वनाएका देहाय बमोजिमका ऐनहरु सर्वसाधारणको जानाकारीका लागि प्रकाशन गरिएको छ ।

## मध्यनेपाल नगरपालिकाको आर्थिक ऐन, २०८३

नगर सभाबाट स्वीकृत मितिः २०८३/०३/०८

प्रमाणीकरण मितिः २०८३/०३/१५

प्रस्तावना: मध्यनेपाल नगरपालिकाको आर्थिक वर्ष २०८३।८४ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर लगाउन तथा शुल्क संकलन गर्न र राजस्व प्रशासन सम्बन्धी कानुनी ब्यवस्था गर्न वाञ्छनीय भएकोले,

मध्यनेपाल नगरपालिकाको नगरसभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः**(१) यस ऐनको नाम "**आर्थिक ऐन २०८३**" रहेको छ ।

(२) यो ऐन २०८३ साल श्रावण १ गतेदेखि प्रारम्भ हुनेछ ।

२. **परिभाषा:** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा;

क) **“ऐन”** भन्नाले **“मध्यनेपाल नगरपालिकाको आर्थिक ऐन,२०८३”** लाई सम्झनुपर्छ।

ख) **“नगरपालिका”** भन्नाले मध्यनेपाल नगरपालिका सम्झनु पर्छ ।

ग) **"ब्यक्ति"** भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै ब्यक्ति सम्झनु पर्छ।

घ) **"संस्था"** भन्नाले यस ऐन बमोजिम कर तिर्नुपर्ने दायित्व भएको जुनसुकै संस्था सम्झनु पर्छ।

ङ) **"दहत्तर बहत्तर"** भन्नाले नदीले बगाएर ल्यएको वा नदीमा तैरिएको काठ, दाउरा वा अन्य यस्तै प्रकारका बस्तु सम्झनु पर्छ।

च) **"बनकस"** भन्नाले खर र अन्य यस्तै खालका खरजन्य बस्तु सम्झनु पर्छ।

छ) **"तोकिए बमोजिम"** भन्नाले यस ऐन अनुसार बन्ने नियम, निर्देशिका तथा कार्यविधिमा तोकिए बमोजिम भन्ने सम्झनु पर्छ।

३. **सम्पत्ति कर:** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्रकाघर र जग्गामा सम्पत्ति कर लगाउने छ।

१) उपदफा (१) अनुसार सम्पत्ति कर लगाउदा घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाई बाँकी जग्गा र घर नभएको अन्य जग्गामा भूमि कर (मालपोत) लगाईने छ।

स्पष्टिकरण: यस दफाको प्रयोजनको लागि घरले चर्चेको जग्गा भन्नाले सो घरले वगटेको जग्गाको क्षेत्रफल र अधिकतम सो क्षेत्रफल बराबरको थप जग्गा सम्झनुपर्छ।

२) नगरपालिका क्षेत्रभित्र लगाईने सम्पत्ति करको दर अनुसुची- १ बमोजिम हुनेछ।

३) रजिष्ट्रेशन प्रयोजनको लागि मालपोत कार्यालय लमजुङले तयार गरेको घर जग्गाको मुल्याङ्कनलाई नै सम्पत्ति कर प्रयोजनको लागि घर तथा जग्गाको मूल्याङ्कनको आधार मानिनेछ। मालपोत कार्यालयको मूल्याङ्कनमा घरको मूल्याङ्कन नभएको अबस्थामा नगरपालिकाबाट भएको मूल्याङ्कन अनुसार कर असुल गरिनेछ।

४) चालु आर्थिक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्षको असोज मसान्तसम्ममा बुझाएमा लाग्ने करमा १० प्रतिशत छुट गरि असुल गरिनेछ।

५) चालु आर्थिक वर्षको सम्पत्ति कर सोही आर्थिक वर्षको असार मसान्त सम्ममा पनि नबुझाएमा अनुसूची–२ बमोजिम जरीवाना समेत थप गरि लाग्ने कर असुल गरिनेछ।

४. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसुची – ३ बमोजिम भूमि कर (मालपोत) लगाईने र असुल उपर गरिनेछ।

५. **घर/जग्गा बहाल कर:** नगरपालिका क्षेत्रभित्र कुनैपनि ब्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा, पोखरी पुरै वा आंशिक तवरले बहालमा दिएमा बमोजिम घर/जग्गा बहाल कर लगाईने र असुल गरिनेछ।

६. **ब्यवसाय कर:**

१) नगरपालिका क्षेत्रभित्र संचालन गरिनेसबै प्रकारका उद्योग, ब्यपार ब्यवसाय वा सेवामा पूँजिगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसुची - ४ बमोजिम ब्यवसाय कर लगाईने र असुल उपर गरिनेछ।

२) चालु आर्थिक वर्षको ब्यवसाय कर सोहो आर्थिक वर्षको असोजमसान्तसम्ममा बुझाएमा लाग्ने कर रकमको १० प्रतिशत छुट दिईनेछ।

३) विगत तीन आर्थिक वर्षभन्दा बढी अवधिको व्यवसाय कर बुझाउन बाँकी रहेका करदाताले २०८३ साल पौष मसान्तभित्र आ.व. २०८०।८१ देखि हालसम्मको बक्यौता व्यवसाय कर बुझाएमा त्यस्ता करदातालाई सो अवधिभन्दा अगाडिको आर्थिक वर्षको व्यवसाय कर तथा हालसम्मको सम्पूर्ण **जरिवाना छुट** प्रदान गरिनेछ।

**७. प्राकृतिक श्रोत साधन उपयोग कर:**

१) नगरपालिका क्षेत्रभित्र बग्ने नदीनाला तथा खोलाबाट निस्कने बालुवा, गिटी,ग्रावेल,तथा सार्वजनिक वा निजी जग्गामा संचालित खानीबाट निस्कने ढुङ्गा गिटी स्लेट वालुवा चुनढुङ्गा खरिढुङ्गा अभ्रख दहत्तर बहत्तर आदिमा अनुसूची - ५ बमोजिम कर लगाई असुलउपर गरिने छ।

२) अनुसूची - ५ मा उल्लेखित करको दर प्रदेश कानुनसंग बाझिएमा बाझिएको हदसम्म प्रदेश कानुनमा उल्लेखित करको दर अनुसार कर असुलउपर गरिने छ।

३) नगरपालिकाबाट अनुमति नलिई खानी संचालन, विक्रि वितरण र चोरी निकासी गरेको पाईएमा अनुसूची - ६ बमोजिम जरीवाना गरिनेछ।

**८. जडीबुटी, जीवजन्तु र कवाडी कर:**

नगरपालिका क्षेत्रभित्र कुनै ब्यक्ति वा संस्थाले उन, खोटो, जरिबुटी, वनकस, कवाडीमाल र प्रचलित कानुनले निषेध गरिएका जिवजन्तु बाहेकका अन्य मृत वा मारिएका जिवजन्तुको हाड, सिङ, प्वाँख, छालाजस्ता बस्तुको ब्यवसायिक कारोबार गरेवापत अनुसुची - ७ बमोजिम कर लगाईने र असुल उपर गरिनेछ।

**९. सवारी साधन कर:**

१) नगरपालिका क्षेत्रभित्र संचालन हुने सवारी साधनहरुमा अनुसुची - ८ बमोजिम सवारी साधन कर लगाईने र असुल उपर गरिनेछ।

२) अनुसूची– ८ मा रहेको कुनै प्रावधानप्रदेश कानुनसंग बाझिएमा बाझिएको हदसम्ममाप्रदेश कानुनको प्रावधान लागू हुनेछ।

**१०. विज्ञापन कर:** नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूची- ९ बमोजिम विज्ञापन कर लगाईने र असुल उपर गरिनेछ।

**११. मनोरन्जन कर:**

(१) नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन ब्यवसाय सेवामा अनुसूची १० बमोजिम मनोरन्जन कर लगाईने र असुलउपर गरिनेछ।

(२) अनुसूची – १० मा रहेको कुनै प्रावधानप्रदेश कानुनसंग बाझिएमा बाझिएको हदसम्ममा प्रदेश कानुनको प्रावधान लागू हुनेछ।

१२. **बहाल बिटौरी शुल्कः** नगरपालिका क्षेत्रभित्र आफूले निर्माण रेखदेख वा संचालन गरेका अनुसूची –११ बमोजिमका हाटबजार वा पसलमासोही अनुसूचीमा भएको ब्यवस्था अनुसार बहाल बिटौरी शुल्क लगाईने र असुल उपर गरिनेछ।

१३. **पार्किङ शुल्कः** नगरपालिका क्षेत्रभित्र पार्किङ गरिएका सवारी साधनहरुको अनुसूची – १२ बमोजिम पार्किङ शुल्क लगाईने र असुल उपर गरिनेछ।

१४.**ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जि जम्पिङ, जिपफ्लायर र र्‍याफ्टिङ शुल्कः** नगरपालिका क्षेत्रभित्र तोकिए बमोजिम ट्रेकिङ, कोयोकिङ, क्यानोइङ, बन्जि जम्पिङ, र र्‍याफ्टिङ शुल्कलगाईने र असुल उपर गरिनेछ।

१५.**पर्यटन शुल्कः** नगरपालिका क्षेत्रभित्रप्रवेश गर्ने पर्यटकहरुबाट प्रदेश कानुन अनुसार पर्यटन शुल्क असुलउपर गरिने छ।

१६.**सेवा शुल्क र दस्तुरः** नगरपालिकाले उपलब्ध गराउने सेवाहरुमा अनुसूची –१३ बमोजिम सेवा शुल्क र दस्तुर लगाईने र असुलउपर गरिने छ।

१७.**पञ्जीकरण शुल्क**: नगरपालिकाबाट हुने पञ्जीकरणसम्बन्धी सम्पूर्ण कार्यमा नेपाल सरकारको पञ्जीकरण ऐन, नियम बमोजिमको पञ्जीकरण शुल्क लगाईने र असुलउपर गरिने छ।

१८.**कर छुटः** यस ऐन बमोजिक कर, शुल्क, दस्तुर वा महसुल तिर्ने दायित्व भएका ब्यक्ति वा संस्थाहरुलाई कुनैपनि किसिमको छुट दिईनेछैन।

१९.**प्रदेश तथा संघको समन्वयमा संकलन हुने करहरुः** नेपालको संविधानको अनुसूची – ९ बमोजिम संघ, प्रदेश र स्थानीय तहको साझा अधिकार सूचीमा रहेका विषयहरुमा संकलन हुने करहरु संघ तथा प्रदेशको समन्वयमा संघिय तथा प्रदेश कानुन अनुसार संकलन गरिने छ।

२०.**नियम, निर्देशिका तथा कार्यविधिबनाउने अधिकारः** यस ऐनलाई कार्यान्वयन गर्न नगरपालिकाले आवश्यक नियम, निर्देशिका तथा कार्यविधि बनाउन वा कर तथा शुल्क संकलन कार्यविधि तोक्न सक्नेछ।

**अनुसूची- १**
**(दफा ३ को उपदफा (३) संग सम्बन्धित)**
**सम्पत्ति करको दर**

| क्र.सं. | देखि | सम्म | करको दर | |
|---|---|---|---|---|
| १ | रू. १ देखि | रू. ५ लाख सम्म | रू. १००/- | १०० |
| २ | रू. ५ लाख १ देखि | रू. १० लाख सम्म | ०.०१५ प्रतिशत | ७५ |
| ३ | रू. १० लाख १ देखि | रू. २० लाख सम्म | ०.०२० प्रतिशत | २०० |
| ४ | रू. २० लाख १ देखि | रू. ५० लाख सम्म | ०.०२५ प्रतिशत | ७५० |

| | | | | |
|---|---|---|---|---|
| ५ | रू. ५० लाख १ देखि | रू. ८० लाख सम्म | ०.०३० प्रतिशत | ९०० |
| ६ | रू. ८० लाख १ देखि | रू. १ करोड स्सम्म | ०.०३५ प्रतिशत | ७०० |
| ७ | रू. १ करोड १ देखि | रू. १ करोड ५० लाख सम्म | ०.०४० प्रतिशत | २००० |
| ८ | रू. १ करोड ५० लाख १ देखि | रू. २ करोड सम्म | ०.०४५ प्रतिशत | २२५० |
| ९ | २ कार्ड १ देखि माथिको सम्पत्तिमा | | ०.०६० प्रतिशत | |

**अनुसूची- १(क)**
**(दफा ३ को उपदफा (३) संग सम्बन्धित)**
**सम्पत्ति करको लागि घरको मूल्याङ्कन दररेट**

| क्र. सं. | घरको विवरण | ह्रास कट्टी दर प्रतिशत प्रति बर्षको | ह्रास कट्टी हुने जम्मा बर्ष | न.पा. को मूल्याङ्कन दर प्रति वर्गफिट |
|---|---|---|---|---|
| १ | काँचो पाको ईटा वा ढुंगामा माटोको जोडाइ भएको वा काठै काठबाट बनेको र खरको छाना भएको सामान्य घर | ३ | २५ | २५० |
| २ | काँचो पाको ईटा वा ढुंगामा माटोको जोडाइ भएको वा काठै काठबाट बनेको र खर, जस्ता, झिंगटि, टायलको छाना भएको घर | ३ | २५ | ४०० |
| ३ | भित्र बाहिर पाको ईटा वा ढुंगामा माटोको जोडाइ भइ भित्र बाहिर सिमेन्ट प्लाष्टर गरि छाना ढलान (आर.सी.सी. वा आर. वि. सी.) गरिएको वा जस्ता, टायल, झिंगटि छाना भएको घर | २ | ३० | ५०० |
| ४ | भित्र बाहिर पाको ईटा वा ढुंगामा सिमेन्ट प्लाष्टर गरि छाना ढलान (आर.सी.सी. वा आर. वि. सी.) गरिएको घर | १ | ७० | ८०० |
| ५ | आर. सी. सी. फ्रेम स्ट्रक्चर भएको घर | ०.७५ | १०० | १२०० |
| ६ | स्टिल फ्रेम स्ट्रक्चर, फ्रावीडस, फाइवर वा यस्तै संरचना | ०.७५ | १०० | १००० |
| ७ | आर. सी. सी. फ्रेम स्ट्रक्चर भएको घर लिफ्ट सहितको | ०.७५ | १०० | १५०० |

**अनुसूची- १(ख)**
**(दफा ३ को उपदफा (३) संग सम्बन्धित)**
**सम्पत्ति करको लागि घर जग्गा मूल्याङ्कन दररेट**

**मध्यनेपाल नगरपालिका वडा नं. १ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट**

| क्र. | साबिक | हाल | जग्गाको विवरण | न. पा. को | कैफियत |
|---|---|---|---|---|---|

| सं. | गा बि स | वडा नं. | को वडा नं. | | स्वीकृत मूल्याङ्कन रू. | |
|---|---|---|---|---|---|---|
| १ | जिता | | १ | सुन्दरवजार सोतिपसल दुईपिप्ले सडक खण्डको बान्द्रेखोलावाट देवालस्थान हुदैं साविक तान्द्राङ टक्सार गा.वि.स. सिमाना खहरे खोलासम्मको सडकको दाँयावाँयाको जग्गा | २०,००,००० | |
| २ | जिता | | १ | सुन्दरवजार सोतिपसल दुईपिप्ले सडकको सुधारे खोलावाट बगुवा टुडो हुँदैं बान्द्रे खोलासम्मको सडक र निवुवाटारी स्कुल चोकवाट गिरीगाँउ सम्म जाने सडकको दाँयावाँयाको जग्गा | १५,००,००० | |
| ३ | जिता | | १ | जिताटार सप्तधार मार्गको जिताटारवाट बरसारे चोकसम्मको सडकको दाँयावाँयाको मूल्य | ७,००,००० | |
| ४ | जिता | | १ | बरसारे चोक देखि चिण्डेगाँउ वडा कार्यालय सम्मको सडक दाँया वाँया मूल्य, **आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य** | ७,००,००० | |
| ५ | जिता | | १ | साविक जिता गाविस वडा नं ९ हाल वडा नं जितावेशीको सम्पूर्ण भित्री मोटरवाटोको दाँयावाँयाको मूल्य | ६००,००० | |
| ६ | जिता | | १ | वडा कार्यालयवाट जिताकोट मध्यनेपाल १ र २ को सिमाना सम्मको सडक, देउराली भुसालथोक सडक, भागिरथी गौलीगाँउ धितालगाँउ जिताकोट सडक, बगुवा आँपचौर सिख्रा सडक र चिण्डेगाँउवाट वडा कार्यालय सप्ताधारा सम्मको सम्पूर्ण भित्री सडक दायाँवायाका जग्गा | ४,००,००० | |
| ७ | जिता | | १ | बरसारे चोक देखि बरबोटे हुँदैं कुसुन्ने सम्मको सडक र सधारे गैरीगाँउ ताप्ले भागिरथी सडक दायाँवायाका जग्गा | ३,००,००० | |
| ८ | जिता | | १ | साउनेपानी सप्धारा रायपाली सडक वरपरको मूल्य, | २,८०,००० | |
| ९ | जिता | | १ | वडा कार्यालयवाट जिताकोट मध्यनेपाल १ र २ को सिमाना र वडा नं १ र १० को सिमाना तथा मध्यनेपाल १ र सुन्दरवजार न.पाको सिमानाभित्रको मोटर वाटो दाँया वाँयाको मूल्य | ३,००,००० | |
| १० | जिता | | १ | माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू | २,००,००० | |
| ११ | जिता | | १ | माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो खेत र पाखो बारी जग्गाहरू | ५०,००० | |
| १२ | जिता | | १ | चिण्डेगाउँ भित्रीबाटोको कालोपत्रे भएको मोटर बाटोको दायाँ वायाँको मूल्य | १२,००,००० | |
| १३ | जिता | | १ | चिण्डेगाउँ भित्रीबाटोको कच्ची मोटर बाटोको दायाँ वायाँको मूल्य | ५,००,००० | |

**मध्यनेपाल नगरपालिका वडा नं. २ का जग्गा प्रति रोपनी मूल्याङ्कन दररेट**

| क्र. | साविक | हालको | जग्गाको विवरण | न. पा. को | कैफियत |
|---|---|---|---|---|---|

| सं. | गा बि स | वडा नं. | वडा नं. | | स्वीकृत मूल्याङ्कन रू. | |
|---|---|---|---|---|---|---|
| १ | तान्द्राङ टक्सार | | २ | सुन्दरवजार सोतिपसल दुईपिप्ले सडक खण्डको साविक तान्द्राङ टक्सार गा.वि.स. सिमाना खहरे खोला हुदै झिङ्गे खोलाबाट दाँयावाँयाको जग्गा | २७,००,००० | |
| २ | तान्द्राङ टक्सार | | २ | बोर्डिङचोक वाट भित्री वजार हुँदै गुम्वा सम्मको सडक वरपरको मूल्य | २१,००,००० | |
| ३ | तान्द्राङ टक्सार | | २ | गोलदीखोलावाट उत्तर असीमुरे सम्मको सडक, बोर्डिङ्चोक वाट उत्तर गोलादी खोलासम्मको भित्री सडक, व्यास मार्गवाट दक्षिण तमु समाज जाने सडकको दाँयावाँयाको जग्गा | १५,००,००० | |
| ४ | तान्द्राङ टक्सार | | २ | सोति पसलवाट पुर्व जाने हुलाकी मार्ग खहरे खोला सम्मको सडक, सोतिपसल जल्पादेवी मोटरवाटो , व्यास मार्गवाट उत्तरभुषाल पल्लो डिही सडकको दाँयावाँयाको जग्गा | १०,००,००० | |
| ५ | तान्द्राङ टक्सार | | २ | पराजुलीटारवाट भुषाल डिहीसम्मकव सडक, खनाल गाँउ भित्री सडकको दाँयावाँयाको जग्गा, | १०,००,००० | |
| ६ | तान्द्राङ टक्सार | | २ | जल्पादेवी मोटरवाटोको दाँया वाँयाको मूल्य, **आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य** | ४,००,००० | |
| ७ | तान्द्राङ टक्सार | | २ | साविक तान्द्राङ टक्सार गा.वि.स वडा नं १ देखि वडा नं ७ भित्र खोलिएको मोटरवाटोको दाँयावाँयाको मूल्य | ३,००,००० | |
| ८ | तान्द्राङ टक्सार | | २ | माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू | २,००,००० | |
| ९ | तान्द्राङ टक्सार | | २ | माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो खेत र पाखो बारी जग्गाहरू | ५०,००० | |

**मध्यनेपाल नगरपालिका वडा नं. ३ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट**

| क्र. सं. | साविक | | हालको वडा नं. | जग्गाको विवरण | न. पा. को स्वीकृत मूल्याङ्कन रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| | गा बि स | वडा नं. | | | | |
| १ | सुर्यपाल | | ३ | सुन्दरवजार सोतिपसल दुईपिप्ले सडक खण्डको झिङ्गे खोलाबाट चर्दी खोलासम्म सडकको दाँयावाँयाको जग्गाको मूल्य | ३१,००,००० | |
| २ | सुर्यपाल | | ३ | साविक वडा नं ०९को भित्री खोलिएको वाटोको दाँया वाँयाको मूल्य | २९,००,००० | |
| ३ | सुर्यपाल | | ३ | साविक वडा नं ९ को देवटार चोकवाट गुयेले खोला हुँदैं समिचौतारा विद्युत ट्रान्समिटरसम्मको सडकको दाँयावाँया मूल्य | १०,००,००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४ | सुर्यपाल | | ३ | सुर्यपाल ९ को पुरानो फिल्महल चोकवाट उत्तर पानी ट्याङ्की वडा कार्यालय, साविक सुर्यपाल गा.वि.स वडा नं ०५ को मैंदान देखि चनौटे हुँदैं लामाखेतसम्मको सडक, समि चौतारा , रामबालोदय आधारभूत विद्यालय हुँदै तिनधारे सम्मको नागभैरव सडक, साविक सुर्यपाल गाविस वडा नं ०७ को भित्री ग्राभेल वाटो, असीमुरे पौडेल डिही हुँदै मोहोरिया मोटर बाटो, साविक सुर्यपाल गा.वि.स वडा नं ०८ को लामिछाने डिही देखि राङ्गेटार हुँदै तिनधारेसम्मको मोटर वाटो (ज्यामिरे खोला), साविक सुर्यपाल गा.वि.स वडा नं ०७ को समी चौतारा देखि धुन्द्रेखोला हुँदै डुम्रीफेद सम्मको मोटर बाटोको दायाँ बायाँका जग्गा | ७,००,००० | |
| ५ | सुर्यपाल | | ३ | साविक सुर्यपाल गा.वि.स वडा नं ६ र ८ को भित्र खोलिएको मोटर वाटोको मूल्य, **आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य** | ५,००,००० | |
| ६ | सुर्यपाल | | ३ | माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू | २,००,००० | |
| ७ | सुर्यपाल | | ३ | माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो खेत र पाखो बारी जग्गाहरू | ५०,००० | |
| ८ | सुर्यपाल | | ३ | चर्दी खोला पुल मुनीको सडक देखि सिरौटी चौतारा हुदैं दुध डेरीसम्मको हुलाकी सडकको दायाँ वायाँ जग्गाको मूल्य | ३१,००,००० | |
| ९ | सुर्यपाल | | ३ | साविक सूर्यपाल गाविस वडा नं ५,६, ७ र ८ को भित्र खोलिएका सडकको दायाँबायाँको जग्गाको मूल्य | १,००,००० | |
| १० | सुर्यपाल | | ३ | पिपलपोखरी नन्दकुमारी रामचन्द्रको जग्गा हुदै बन कार्यालयसम्मको सडकको दायाँबायाँको जग्गाको मूल्य | १,००,००० | |

**मध्यनेपाल नगरपालिका वडा नं. ४ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट**

| क्र. सं. | साबिक | | हालको वडा नं. | जग्गाको विवरण | न. पा. को स्वीकृत मूल्याङ्कन रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| | गा बि स | वडा नं. | | | | |
| १ | रम्घा | | ४ | व्यास मार्गमा (रिस्ती खोला देखि वडा नं. ५ क्यूखोलाको सिमानासम्म) जोडिएको जग्गा, सुन्दरवजार सोतिपसल दुईपिप्ले सडक खण्डको चर्दी खोला हुदै दुइपिप्ले सम्मको सडक, वडा नं. ५ ,६,७,८,९ मा भोर्लेटार तर्फ जाने बाटोको खदालफाँट किहुखोला सम्मको दाया बायाको जग्गा | ४०,५०,००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | रम्घा | | ४ | विपी चोक भविष्य निर्माण बोडिङ हुदै वन आवास भवन सम्म र बोटेगाउँ सुन्दर नगर हुदै बोटेगाउँ जाने मोटरबाटो, रिस्तीखोला बगौचाबाट वाग्लेफाँट बोटेगाउँ हुदै पुष्पलता क्याम्पस सम्मको मोटरबाटो, दुईपिप्लेचोकबाट बोटेगाउँ हुदै धारापानी जोड्ने मोटरबाटो, वि पि चोक रम्घाभ्याली बोडिङ हुदै फुलबारी टार मोटरबाटो, दुईपिप्ले देखि ढोली खोला खोल्सी, बेलघारी सम्मको मोटरवाटोको दाया वायाको जग्गाको मुल्य | ३२,५०,००० | |
| ३ | रम्घा | | ४ | दुईपिप्ले चोक प्रहरी विटदेखि नहरको डिलसम्म अडिदेउ मार्गको दायावायाको जग्गाको मुल्य | १५,००,००० | |
| ४ | रम्घा | | ४ | क्यूखोलादेखि पजुलीबेसीसम्मको मोटरबाटो, रम्घाटार सिंचाई भवन देखि सन्यासी डिही, स्यामटारी, वैराठ, भुत्याटार हुदै पेट्रोलपम्पसम्म, पुष्पलता क्याम्पसबाट तिलाहारसम्मको सडक,टेकनटारी खोला गैरी हुदै तिलहारसम्मको सडक, अमिलाधारा लामीडाँडा हुदै समिभञ्याङ जाने बाटो, रम्घा रिङरोड नहर भवन वैराठ पाँडेखोलादेखि फुलटारी सडक मोटरवाटोको दाया बायाँको जग्गाको मुल्य | १५,००,००० | |
| ५ | रम्घा | | ४ | दुईपिप्ले घाटुघारी खदालफाँट क्यूखोलासम्मको मोटरवाटो, डाँडाको चौतारी देखि सिमलको रुख वाङ्गेरह सम्मको मोटरवाटो, वैराठ प्रतिक्षलय देखि वैराठ कुनासम्मको मोटरवाटो, साईराम मेडिकल मार्ग, वैराठ चोकदेखि वगैचा हुदै रम्घा रिङरोडमा जोडिने मार्ग, पाँडेखोला मंगल सुनारको घर देखि वैराठ वगैचा सम्मको मोटरवाटोको दायाँवायाँको जग्गाको मूल्य | १०,००,००० | |
| ६ | रम्घा | | ४ | 6-रामस फर्निचर देखि मनोजको घर हुदै वोटेगाउँसम्मको सडक, व्यास मार्गदेखि पोल्याङ पुल जाने सडक, मध्यमार्ग औल्याहा डिही सडक, भिमसेन मार्ग, सिद्दिविनायक मार्ग समाहा, पराजुलीडाँडा हुँदै सिंचाई भवन सम्मको सडक, धारापानी देखि करविरे हुदै ढोलीखोला सडक र **आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य** | १०,००,००० | |
| ७ | रम्घा | | ४ | वेलघारी ठाँटी देखि पुल सम्मको वाटो, चण्डीस्थान मार्ग, डाँडाको चौतारी देखि संजेली डाँडा सम्म जाने सडक, न्यौपानेवेशी गणेश मन्दिरदेखि ऋषिराम न्यौपानेको घरसम्मको सडक, डाँडाको चौतारी देखि पानीट्याङ्की, भ्यूटावर हुदै समिभन्ज्याङ जाने मोटर सडक, पन्थाटार देखि पानी घट्टा जाने सडकको दायाँवायाँको जग्गाको मूल्य | ५,००,००० | |
| ८ | रम्घा | | ४ | क्यू खोला देखि लामीडाँढा तिलाहार सम्मको सडक, दुईपिप्लेबाट समीभञ्ज्याङ जाने सडक (रम्घा गाविसको सीमाना सम्म ) तिलाहार चोकदेखि लामीडाँडा हुदै अमिलधारा सडक, वैराठ चोकदेखि सानो कुमाल गाउँ | ३,००,००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | पराजुलीटार सडक, पेट्रोल पम्मदेखि बाङ्गेरह र रिस्ती बगैचादेखि मादीवेसि हुदै धारपानी सडकको दायावायाँको सडकको मूल्य | | |
| ९ | रम्घा | | ४ | माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू | २,००,००० | |
| १० | रम्घा | | ४ | माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो खेत र पाखो बारी जग्गाहरू | ५०,००० | |

**मध्यनेपाल नगरपालिका वडा नं. ५ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट**

| क्र. सं. | साबिक | | हालको वडा नं. | जग्गाको विवरण | न. पा. को स्वीकृत मूल्याङ्कन रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| | गा बि स | वडा नं. | | | | |
| १ | समि भञ्ज्याङ | | ५ | व्यास मार्गमा (हालको वडा नं. ४ को सिमाना देखि वडा नं. ६ को सिमाना सम्म) जोडिएको जग्गा | २३,००,००० | |
| २ | समि भञ्ज्याङ | | ५ | दुईपिप्ले समि भञ्जयाङ सुर्यपाल सडकको (समिभञ्जयाङ गा.वि.स क्षेत्र), चितेपानी देखि खर्क सम्मको सडकको दाँया वाँयाको जग्गा, अन्य भित्री सडकहरुको मूल्य | ४,००,००० | |
| ३ | समि भञ्ज्याङ | | ५ | खर्क वाउदी खोला देखि समिभञ्जयाङ ठुन्केगरा सम्म, दोपहरे कोदाले जोड्ने सडक, साविक समिभञ्जयाङ गा.वि.स वडा नं ०८ मा पर्ने छउदी मार्गको दाँया वाँयाको जग्गा | ४,००,००० | |
| ४ | समि भञ्ज्याङ | | ५ | साविक समिभञ्जयाङ गा.वि.स वडा नं ०१,२,3 मा पर्ने मोटर वाटो, साविक समिभञ्जयाङ गा.वि.स वडा नं ०८मा पर्ने छउदी मार्ग,चर्दी खोलावाट गैरी सिम्लेगाँउ जोड्ने कृषि सडककोको दाँया वाँयाको जग्गा, **आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य** | ३,००,००० | |
| ५ | समि भञ्ज्याङ | | ५ | माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू | २,००,००० | |
| ६ | समि भञ्ज्याङ | | ५ | माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो खेत र पाखो बारी जग्गाहरू | **५०,०००** | |

**मध्यनेपाल नगरपालिका वडा नं. ६ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट**

| क्र. सं. | साबिक | | हालको वडा नं. | जग्गाको विवरण | न. पा. को स्वीकृत मूल्याङ्कन रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| | गा बि स | वडा नं. | | | | |
| १ | भोर्लेटार | | ६ | व्यास मार्गमा (साविक वडा नं ६,७,८ र ९ मा पर्ने दोभानडाडा रानीपानी व्याससम्म ) | ५०,००,००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २ | भोर्लेटार | | ६ | वडा नं ६ र ७ को सिमाना हुँदै पाखुरीचोक देखी ढल्केआँप हुँदै रामबजार जाने सडकको कुमाल्नी खोल्सो सम्म मोटरबाटोको दायाँ बायाँको जग्गा | ४०,००,००० | |
| ३ | भोर्लेटार | | ६ | प्रहरी चौकीबाट भित्र बजार हुँदै ईशानेश्वर मा.वि.को गेटसम्मको मोटरबाटो, पाखुरीचोकबाट सामुदायीक भवन हुँदै धुल्पुर बजार सम्मको सडकको दायाँबायाँको जग्गा | ४०,००,००० | |
| ४ | भोर्लेटार | | ६ | दोभानडाँडा ढल्केआँप हिमाली बोर्डिङ हुदै प्रहरी चौकीसम्मको रिङरोड,<br>ईशानेश्वर मा.वि बाट लाम्टे हुदै रानीपानीसम्मको रिङरोड, हिमाली बोर्डिङबाट ईशानेश्वर क्याम्पससम्मको सडक, हिमाली बोर्डिङबाट नगरपालिका जाने सडकको दायाँ वायाँ जग्गाको मूल्य | ३०,००,००० | |
| ५ | भोर्लेटार | | ६ | साविक वडा नं ६,७,८ र ९ व्यासमार्ग, रिङरोड तथा लोकमार्गबाट खोलेको भित्री बाटोको दायाँ वायाँको जग्गाको मूल्य | २०,००,००० | |
| ६ | भोर्लेटार | | ६ | सामुदायीक भवनबाट रानीको चौतारा सम्मको सडक, हस्पिटलचोकदेखि इजाँरसम्मको बाटो, भोर्लेटार सिंचाई योजनाको शाखा नहर धुल्पुर बजारबाट डुम्रीबोटे तथा सामुदायीक भवन हुँदै छोटीडिही दोभानडाडा खण्ड, भोर्लेटार सिंचाई योजनाको मुख्य नहर आसपासका जग्गाको मूल्य | २०,००,००० | |
| ७ | भोर्लेटार | | ६ | साविक भोर्लेटार गा.वि.स. वडा नं ६,७,८ र ९ भित्र गोरेटो बाटो आसपासको घडेरी दाँया बाँयाको जग्गा, अन्य भित्री सडकहरुको मूल्य | १५,००,००० | |
| ८ | भोर्लेटार | | ६ | व्यास मार्गमा (वडा नं ६,७,८ र ९ मा पर्ने वडा न ५ देखि दोभानडाडासम्म ), मध्यपहाडी लोक मार्ग ( वडा न ९ को सिमाना रातामाता लामसोतिदेखी रानीपानी सम्म), पिस्तीखोलाबाट लाम्टे हुँदै सत्रसय सिंचाई कुलो, रानीपानी घुम्ती सानीस्वाँरा कालीरह मोटरबाटोको दाँयाबाँयाको जग्गा | १०,००,००० | |
| ९ | भोर्लेटार | | ६ | रानीपानी काउरे -रानीपानी भदौरे सडक, सोही सडकको कुमाल्नी खोल्सोबाट मिदिमपुल सम्मको मोटरबाटोको दाया बायाँको जग्गा, **आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य** | ५,००,००० | |
| १० | भोर्लेटार | | ६ | सिम्पानी मोहरीया थापागाँउ मोटरबाटो, डिहीबाट भोर्ले जाने शाखा बाटो, गुम्वा फाँट बाट ज्यामिरे हल्लेसी हुँदै भोर्ले जाने मोटरबाटो, पिस्तीखोला बाह्रविसे हुँदै लामासोती सम्मको सडकको दायाँबायाँको जग्गा | ५,००,००० | |
| ११ | भोर्लेटार | | ६ | पिस्तीखोला पुलबाट हल्लेसी जाने मोटरबाटोको दायाँबायाँको जग्गा | ३,००,००० | |
| १२ | भोर्लेटार | | ६ | माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू | ३,००,००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | भोर्लेटार | | ६ | माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो खेत र पाखो बारी जग्गाहरू | ५०,००० | |
| १४ | भोर्लेटार | | ६ | पाखुरीचोकदेखि विरौटाचोकसम्मको सडक, पाखुरीचोकबाट स्वास्थ्य चौकीसम्मको मोटरबाटो, सिद्ध प्रा.वि पछाडीबाट नवज्योती सामुदायीक भवन सम्मको सडक, पाखुरीचोक व्यासमार्गबाट पुर्व भैमाल देखि व्यासमार्गसम्मको सडक, रिङरोडबाट पश्चिम पिप्ले खोल्सी रिङरोडसम्मको शाखा बाटोको दायाँबायाँको जग्गा | ३०,००,००० | |
| १५ | भोर्लेटार | | ६ | साविक वडा नं १ देखि ५ सम्मको गोरेटो बाटोको दायाँ वायाँ जग्गाको मूल्य | १,००,००० | |
| १६ | भोर्लेटार | | ६ | स्कुलगेट भैमाल आर्मीक्याम्पसम्मको मोटरबाटोको दायाँ वायाँको जग्गाको मूल्य | २०,००,००० | |
| १७ | भोर्लेटार | | ६ | विरोटा देखि मादीको पुलसम्मको मोटरबाटोको दायाँ वायाँको जग्गाको मूल्य | २०,००,००० | |
| १८ | भोर्लेटार | | ६ | व्यास मार्ग सुसाउने गुफा पहरादेखि गुम्बफाँटसम्मको मोटरबाटोको दायाँ वायाँको जग्गाको मूल्य | २०,००,००० | |
| १९ | भोर्लेटार | | ६ | विमिरेपानी काउरे पहरेपानी देखि गाउँ वाङ्ग्रेसम्मको मोटरबाटोको दायाँ बायाँको जग्गाको मूल्य | ४,००,००० | |
| २० | भोर्लेटार | | ६ | विमिरेपानी भदौरे वेसी वाङ्ग्रेसम्मको मोटरबाटोको दायाँ वायाँको जग्गाको मूल्य | ४,००,००० | |

**मध्यनेपाल नगरपालिका वडा नं. ७ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट**

| क्र. सं. | साबिक | | हालको वडा नं. | जग्गाको विवरण | न. पा. को स्वीकृत मूल्याङ्कन रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| | गा बि स | वडा नं. | | | | |
| १ | ईशानेश्वर | | ७ | रामवजार चोक देखि पुलचोकसम्मको मोटरवाटो, रामवजार चोक देखि खहरे चोकसम्मको मोटरवाटोको दाँया वाँयाको जग्गा | ५०,००,००० | |
| २ | ईशानेश्वर | | ७ | साविक वडा नं ९ मिदिम खोला पुलवाट वडा नं ०८ रामवजार मादी पुल सम्मको मोटर वाटोको दाँया वाँयाको जग्गाको मूल्य | ४६,००,००० | |
| ३ | ईशानेश्वर | | ७ | साविक वडा नं ०८ रामवजार चोकवाट खहरेहुँदै वडा नं ९ चिसापानी खोलासम्मको सडक, रामवजार पुलचोक हुदैं कर्कले कोईलेनि जोड्ने साविक वडा नं ८ सम्मको मोटरवाटोको दाँया वाँयाको जग्गा | ३८,००,००० | |
| ४ | ईशानेश्वर | | ७ | साविक वडा नं ०८ अन्तर्गत पश्चिमभूमि बोर्डिङ्गवाट खस्ने हुदैं दोभानसम्मको सडक, चिसापानी खोलावाट लक्ष्मीवजार सम्मको सडकको दाँयावाँयाको जग्गा | २५,५०,००० | |
| ५ | ईशानेश्वर | | ७ | साविक वडा नं ०८ र ०९ मा पर्ने फाँटको जग्गामा सिंचाई कुलोको डिल, शाखा वाटो ,गोरेटो वाटोको दाँया वाँयाका जग्गा, | २०,००,००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | ईशानेश्वर | | ७ | साविक वडा नं ०७ बतासेडाँडावाट रुदी दोभान जाने सडकको कर्कले चौतारासम्म सडक, राम्चे बडहरे किराखोर सडक खण्डको चिसापानी पधेँरावाट किराखोरसम्म सडक, रामवजार चोक देखि कोईलेनी सडक खण्डको साविक वडा नं ७ मा पर्ने मोटर वाटो, हरित सडकको रामवजार स्थित खहरे चोकवाट भाटबेशी हुँदैं भञ्जयाङसम्मको मोटर वाटोको दाँयावाँयाको जग्गा, **आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य** | ७,००,००० | |
| ७ | ईशानेश्वर | | ७ | माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू | ३,००,००० | |
| ८ | ईशानेश्वर | | ७ | माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो खेत र पाखो बारी जग्गाहरू | ५०,००० | |
| ९ | ईशानेश्वर | | ७ | लक्ष्मीबजारदेखि पैरावनसम्म बाटोको दायाँ वायाँको जग्गाको मूल्य | १,००,००० | |
| १० | ईशानेश्वर | | ७ | रामबजार चोकदेखि मन्याङघाट जानेबाटोको दायाँ वायाँको जग्गाको मूल्य | ४,००,००० | |

**मध्यनेपाल नगरपालिका वडा नं. ८ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट**

| क्र. सं. | साबिक | | हालको वडा नं. | जग्गाको विवरण | न. पा. को स्वीकृत मूल्याङ्कन रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| | गा बि स | वडा नं. | | | | |
| १ | करापु | | ८ | साविक करापु गा.वि.स वडा नं १ को वतासे डाँडा रुदी दोभान सडकको सितीखोलावाट बेलचौतारासम्मको सडकको दाँयावाँया मूल्य, | ६००,००० | |
| २ | करापु | | ८ | मजुवाबेशी देखि वेत्यानी जोड्ने मोटरवाटोकव साविक करापु गा.वि.स वडा नं २ को सिमाना सम्म, साविक करापु गा.वि.स वडा नं २,३,४,५ पर्ने मोटर वाटो, रामवजार नाल्माफेदी बेशीशहर सडकको स्याउली वजार पतेरी खण्डको सडक, बेलचौतारा देखि कल्याणगाँउ हुँदैं करापु जोड्ने मोटर वाटो, उक्त सडकको मजुवाबेशी खण्डमा बडरी क्षेत्रका दाँयावाँयाका जग्गा, **आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य** | ४६०,००० | |
| ३ | करापु | | ८ | माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू | २००,००० | |
| ४ | करापु | | ८ | माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो खेत र पाखो बारी जग्गाहरू | ५०,००० | |

**मध्यनेपाल नगरपालिका वडा नं. ९ का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट**

| क्र. | साबिक | हालको | जग्गाको विवरण | न. पा. को | कैफियत |
|---|---|---|---|---|---|

| सं. | गा बि स | वडा नं. | वडा नं. | | स्वीकृत मूल्याङ्कन रू. | |
|---|---|---|---|---|---|---|
| १ | बाङग्रे | | ९ | साविक बाङग्रे गा.वि.स. वडा नं १ अन्तर्गत चनौटेवाट टारी (बाङग्रे टुडो) सम्मको शाखावाटो, साविक बाङग्रे गा.वि.स. वडा नं २ अन्तर्गत बरदानफाँट जाने चोकवाट ईनार हुदैं कल्याण मा.वि. सम्मको मोटर वाटो, साविक वडा नं २ अन्तर्गत बरदाननफाँट जाने चोककाट ईनार हुदैं कल्याण मा.वि. सम्मको मोटरवाटोको दाँयावाँयाका जग्गा | १,७५०,००० | |
| २ | बाङग्रे | | ९ | मध्यपहाडी लोक मार्ग (वडा न १०को सिमाना देखि वडा न ६ सिमाना लामसोतीसम्म),भोर्लेटार गाँउ बाङग्रे हुँदै नेटा जाने मोटर वाटो, साविक वडा नं ५ र ८ (भालु खोलावाट पिस्ती खोला) सम्मको मध्यपहाडी लोक मार्ग, साविक वडा नं १ को कल्पना चोकवाट माल ढाड हुदै भदौरे सम्म जाने मोटरवाटोको दाँया वाँयाका जग्गा | १,१५०,००० | |
| ३ | बाङग्रे | | ९ | साविक वडा नं ५ रातामाटवाट चामेडाँडा हुदैं वडा कार्यालय जाने सडकको दाँया वाँयाका जग्गा, **आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य** | ६००,००० | |
| ४ | बाङग्रे | | ९ | माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू | २००,००० | |
| ५ | बाङग्रे | | ९ | माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो खेत र पाखो बारी जग्गाहरू | ५०,००० | |

**मध्यनेपाल नगरपालिका वडा नं. १० का जग्गाको प्रति रोपनी मूल्याङ्कन दररेट**

| क्र. सं. | साबिक | | हालको वडा नं. | जग्गाको विवरण | न. पा. को स्वीकृत मूल्याङ्कन रू. | कैफियत |
|---|---|---|---|---|---|---|
| | गा बि स | वडा नं. | | | | |
| १ | नेटा | | १० | मध्यपहाडी लोक मार्ग ( सुन्दर बजार न पाको सिमानादेखि वडा न ९ को सिमानासम्म) सडकको दाँयावाँया जग्गाको | १,२००,००० | |
| २ | नेटा | | १० | थानसिङ्ग स्वारावाट वडा कार्यालय हुदैं जुगेपानीसम्मको सडक, ताकमारे चौतारावाट वडा कार्यालयसम्म सडक, खमरीस्वाँरा निसान चौतारासम्मको सडक, जगेडाँडा मालिका मन्दिरसम्मको सडक, साविक नेटा गा.वि.स वडा नं १ वरदाफाँट सडकको दाँयावाँया जग्गा, **आर्थिक ऐनमा यस वडा भित्र उल्लेख नभएका सडकको दायाँवायाँ पर्ने जग्गाको मुल्य** | ६००,००० | |
| ३ | नेटा | | १० | माथि उल्लेख नभएका तथा सडकले नछोएका अन्य खेत जग्गाहरू | २००,००० | |
| ४ | नेटा | | १० | माथि उल्लेख नभएका तथा सडकले नछोएका पाखो खेत र पाखो बारी जग्गाहरू | ५०,००० | |

## अनुसूची- २

**(दफा ३ को उपदफा (६) संग सम्बन्धित)**

**मध्यनेपाल नगरपालिका, लमजुङको सम्पत्ति करको जरीवाना दर**

| सि.नं. | विवरण | जरीवाना दर |
|---|---|---|
| १ | म्याद नाघेको पहिलो आर्थिक वर्ष भित्र बुझाएमा | निर्धारित करको ५ प्रतिशत |
| ५ | म्याद नाघेको दोस्रो आर्थिक वर्ष देखि | निर्धारित करको २० प्रतिशत |
| | दोस्रो आर्थिक वर्ष पश्चात भुक्तान गर्न बाँकी सम्पूर्ण रकमको २० प्रतिशत जरीवाना लाग्नेछ। | |

## अनुसूची - ३

**(दफा ४ संग सम्बन्धित)**

**(क) मध्यनेपाल नगरपालिका, लमजुङको भूमि कर (मालपोत) को दर**

| सि.नं. | वडा नं. | जग्गाको क्षेत्रफल | दर | कैफियत |
|---|---|---|---|---|
| १. | १,५,८,९ र १० | न्यूनतम ५ रोपनी सम्म | रु. ५५।- | बाँकी सबै वर्षको बक्यौता भूमि करलाई चालु आर्थिक वर्षकै दर कायम गरि त्यसमा शतप्रतिशत जरीवाना समेत थप गरि असुल गरिनेछ। |
| | | सोभन्दा बढीमा प्रति रोपनी | रु. २०।- | |
| २. | २,३,४, ६ र ७ | न्यूनतम ३ रोपनी सम्म | रु. ८५।- | |
| | | सोभन्दा बढीमा प्रति रोपनी | रु. २५।- | |

**(ख) मध्यनेपाल नगरपालिका, लमजुङको घर जग्गा वहाल कर**

| सि.नं. | विवरण | कायम दर (प्रतिशत) भाडा रकमको | कैफियत |
|---|---|---|---|
| १. | भाडामा लगाएको घर | १० | |
| | **व्यवसायिक प्रयोजनामा भाडामा लगाएको जग्गा** | | |
| १. | व्यवसायिक प्रयोजनमा लगाएको जग्गा (गैर कृषि प्रयोजन) | ५ | |
| २. | व्यवसायिक प्रयोजनमा लगाएको जग्गा (कृषि प्रयोजन) | २ | |

## अनुसूची - ४

### (दफा ६ को उपदफा (१) संग सम्बन्धित)

### ब्यवसाय दर्ता / सिफारिस तथा बार्षिक नवीकरण र करका दरहरु

**(क) नगरपालिकाले सिफारिस गर्नुपर्ने/दर्ता गर्नुपर्ने संघ संस्थाः**

| सि.नं. | संस्थाको विबरण/कार्यक्षेत्र | दर्ता | नवीकरण / सिफारिस शुल्क | कैफियत |
|---|---|---|---|---|
| १. | स्थानीय स्तर | रु. १०००।- | रु. ५००।- | बालक्लब दर्ताको शुल्क लाग्ने छैन । |
| २. | जिल्ला स्तर | रु. १५००।- | रु. १०००।- | |
| ३. | प्रदेश स्तर | रु. २०००।- | रु. १५००।- | |
| ४. | राष्ट्रिय स्तर | रु. २५००।- | रु. २०००।- | |
| ५. | अन्तर्राष्ट्रिय स्तर | रु. ५०००।- | रु. ३०००।- | |
| ६. | सामाजिक संघ संस्था,आमा समुह, बाल क्लब, युवा क्लब आदि । | रु. ५००।- | रु. ३००।- | |
| ७. | जलश्रोत उपभोग्क्ता समिति | रु. १०००।- | रु. ५००।- | |

**स्पष्टीकरण**ः नगरपालिकाले माथि उल्लेखित बाहेक कुनै संस्था दर्ता तथा नवीकरण गर्नुपर्ने अबस्था आएमा सि.नं. १ अनुसारको शुल्क लिन सकिनेछ।

**(ख) ब्यापार ब्यवसायः** ( किराना पसल, होलसेल पसल, कपडा तथा फेन्सीपसल, मिठाई पसल, टेन्ट हाउस, ड्राईक्लिनर, नर्सिङ्ग होम, फोटो स्टुडियो, स्टेशनरी पसल, ईलेक्ट्रिकल तथा ईलेक्ट्रोनिक पसल, घडी रेडियो पसल, मोवाईल फोन विक्रि तथा मर्मत पसल, सुन चाँदी पसल, उपहार पसल, अडियो भिडियो रेकर्डिङ तथा साउण्ड सिस्टम पसल, हेयर कटिङ, फर्निचर तथा फर्निसिङ्ग पसल, पेट्रोल पम्म लगायत यस्तै प्रकारका अन्य कुनैपनि ब्यापार ब्यवसाय )

| सि नं | लागत पुँजी | दर्ता | नवीकरण दस्तुर तथा वार्षिक कर | नामसारी, ठाँउसारी तथा नाम परिवर्तन | कैफियत |
|---|---|---|---|---|---|
| १. | १ लाखसम्म | रु. ५००।० | रु. ३००।० | रु. २००।० | |
| २. | रु १ लाख भन्दा बढी ५ लाखसम्म | रु. ७००।० | रु. ४००।० | रु. २००।० | |
| ३. | रु ५ लाख भन्दा बढी १५ लाखसम्म | रु. १०००।० | रु. ५००।० | रु. २००।० | |

| | | | | | |
